वैतेश्वर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

*पाडुडाँडा, दोलखा*
*३ नं. प्रदेश, नेपाल ।*


## आन्तरिक आय तर्फको सिलबन्दि दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७५।०४।०५**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (घ) १ ,२ र ३ समेतमा भएको व्यवस्था, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), ३ नं. प्रदेश सरकारको आर्थिक ऐन,२०७५ को दफा ८ को (१) र सो सम्वन्धमा सम्वन्धित अनुसूची ५ मा भएको व्यवस्था तथा वैतेश्वर गाउँ कार्यपालिकाको मिति २०७५।०४।०२ को निर्णयानुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क असुली सम्वन्धी आर्थिक वर्ष २०७५।०७६ का लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानुनी प्रकृया पुरा गरेका इच्छुक फर्महरुले सिलवन्दि दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नु हुन अनुरोध छ ।

## ठेक्का विवरण

| ठे.नं. | ठेक्काको विवरण | आ.व.०७५।०७६ को लागि निर्धारित ढुंगा,गिटि,बालुवा,स्लेट,ग्राभेल,र रोडा आन्तरिक विक्रि तथा घाटगद्दि ( स्वीकृत खानी क्षेत्र बाहेक) परिमाण ( घ.मि.) (१) | ढुंगा,गिटि,बालुवा,स्लेट,ग्राभेल, र रोडा जिल्ला बाहिर निकासी (स्वीकृत खानी क्षेत्र बाहेक) परिमाण ( घ.मि.) (२) | ढुंगा,गिटि,बालुवा,स्लेट,ग्राभेल,र रोडा आन्तरिक विक्रि तथा घाटगद्दि ( स्वीकृत खानी क्षेत्र बाहेक) शुल्क प्रति घ.मि.रु. (क ) | | ढुंगा,गिटि,बालुवा,स्लेट,ग्राभेल,र रोडा जिल्ला बाहिर निकासी (स्वीकृत खानी क्षेत्र बाहेक) शुल्क प्रति घ.मि.रु. (ख) | | ढुंगा,गिटि,बालुवा ,स्लेट,ग्राभेल,र रोडा आन्तरिक विक्रि तथा घाटगद्दि ( स्वीकृत खानी क्षेत्र बाहेक) को संकलन शूल्क र निकासी शुल्क ले हुने न्युनतम अंक रु. (१*क) | ढुंगा,गिटि,बालुवा,स्लेट,ग्राभेल,र रोडा जिल्ला बाहिर निकासी (स्वीकृत खानी क्षेत्र बाहेक) को संकलन शुल्क र निकासी शुल्कले हुने न्युनतम अंक रु (२*ख) | कुल न्युनतम अंक ( मू.अ.कर बाहेक) रु. (१*क + २*ख) | शिलबन्दि दरभाउपत्र दस्तुर रु. | धरौटी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | संकलन शुल्क | निकासी शुल्क | संकलन शुल्क | निकासी शुल्क | | | | | |
| BRM /SQ/01/075 /076 | ठुलो बगर क्षेत्र ( दक्षिण–गोपीखोला),( उत्तर–तामाकोशी पुल)(,पश्चिम–चर्नावती नदी),( पूर्व–पुष्पलाल राजमार्ग) | १०२६० | ११४० | ३५।– | १०८।– | ३५।– | २१५।– | १४६७१८०।– | २८५०००।– | १७५२१८०।– | १०००।– | कुल कबोल अंकको **पाँच** प्रतिशत |
| BRM /SQ/02/075 /076 | मच्याङ बगर ( तामाकोशी पुलदेखि उत्तरतर्फ साविक नाम्दु गाविस,हाल वैतेश्वर वार्ड नं ६र ७ को सीमा क्षेत्र भित्र) | ९००० | १००० | ३५।– | १०८।– | ३५।– | २१५।– | १२८७०००।– | २५००००।– | १५३७०००।– | | |
| BRM /SQ/03/075 /076 | मार्वु क्षेत्र (हाल वैतेश्वर ७ मा पर्ने महभिर बगर,माझीबुस्ती बगर देखि उत्तर नागदह काँडे बगर क्षेत्र सम्म) | ८५५० | ९५० | ३५।– | १०८।– | ३५।– | २१५।— | १२२२६५०।– | २३७५००।– | १४६०१५०।– | | |
| BRM /SQ/04/075 /076 | क्षेत्रपा क्षेत्र (हाल वैतेश्वर ८ मा पर्ने झोलुङ्गो बगर,सिम्ले बगर र मलेपु बगर क्षेत्र) | ९९०० | ११०० | ३५।– | १०८।– | ३५।– | २१५।– | १४१५७००।– | २७५०००।– | १६९०७००।– | | |

## ठेक्का सम्बन्धी शर्तहरु :–

१) माथि उल्लेखित ठेक्काहरुको दरभाउपत्र भर्दा आन्तरिक विक्रि एवं घाटगद्दी (स्वीकृत खानी क्षेत्रबाहेक) को शुल्क र जिल्ला बाहिर निकाशी शुल्कको छुट्टा छुट्टै कबोल अंक उल्लेख गरी कुल अंक समेत उल्लेख गर्नु पर्नेछ । कबोल रकम अंक र अक्षर दुवैमा खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख भएको रकमलाई मान्यता दिइनेछ । बढाबढमा सबैभन्दा बढी अंक कबोल गर्ने दरभाउपत्र स्वीकृत गरीनेछ ।

२) ठेक्का अवधि सम्झौता भएको मिति देखि २०७६ असार मसान्त सम्म रहनेछ । तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अङक कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरि उक्त परिमाण सो भन्दा कम अवधिमा पनि विक्री निकासी गर्न सकिने छ ।साथै परिमाणको आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण केही दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइने छैन । प्रारम्भिक वातावरणीय परिक्षण (क्ष्म्)प्रतिवेन ले निषेध गरेको अवधिमा नदि क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन । तर विभिन्न स्थानमा थुपारी रहेको मौज्दात सामाग्री विक्रि तथा निकासी गर्न सकिनेछ ।

३) माथि उल्लेखित सबै ठेक्काहरु कबोल अंकको थप मू.अ. कर (१३) प्रतिशत राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाइ सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४) धरौटी बापत कबोल गरेको अंकको पाँच प्रतिशत रकम यस कार्यालयको धरौटी ने.बै.लि चरिकोट शाखामा धरौटी खाता नं. १३००३००००००००३००००१५ मा दाखिला गरी सो को सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको वाणिज्य वैंक को जमानत (विड बण्ड) को सक्कलपत्र दरभाउपत्रसाथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वा जमानत रकमलाई किस्तामा समावेश गर्न पाइने छैन । नियमानुसार कागजात पेश गरेपछि (विड बण्ड) प्रचलित कानुन बमोजिम फिर्ता गरिनेछ ।

५) प्रचलित कानुन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रिम रुपमा बुझाएमा पाँच प्रतिशत सम्म रकम छुट दिन सकिनेछ । तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनको लागि भने छुट दिइने छैन । दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयबाट नगदि रसिद काटी लिन वा यस कार्यालयको ने.बै.लि चरिकोट शाखाको धरौटी खाता नं. १३००३००००००००३००००१५ मा जम्मा गरी सो को सक्कल भौचर सहित दाखिला गर्नुपर्नेछ ।

६) कारण जनाइ वा नजनाई  दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

७) दरभाउपत्र दिँदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको दरभाउपत्र उपर कुन कारबाहि हुने छैन।

८) ठेक्कामा कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

९) उपरोक्त ठेक्काहरुको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी १६औं दिनको १२ बजे भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । प्राप्त दरभाउपत्रहरु सोहि दिनको २ बजे गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

१०) दरभाउपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजानिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोहि समयमा खरिद,दर्ता वा खोल्ने कार्य गरिनेछ ।

११) यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त दरभाउपत्र साथ संलग्न गरिएको अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछन ।

१२) यस सूचना तथा दरभाउपत्र साथ संलग्न शर्तहरु पुरा नभएका दरभाउपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१३) दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्मको व्यावसायिक नविकरण प्रमाणपत्र, स्थायी लेखा नं. /मु.अ.करको प्रतिलिपि र आ.व २०७३।०७४ को करचुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ ।

१४) यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र, दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ तर निजको अनुपस्थितिमा पनि खोल्न सकिनेछ ।

१५) अन्य कुराहरु यस कार्यालयको सूचना पार्टीमा तथा वेवसाइट www.baiteshwormun.gov.np मा उल्लेख गरिएको सूचना तथा अन्य प्रचलित ऐन,कानुन बमोजिम हुनेछन् ।

## आय ठेक्का सम्बन्धी अन्य शर्तहरु

१). बुँदा नं ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कूल कबोल अङ्क मध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी रकमको ठेक्का अवधिमा १ महिना थप भएको वैतेश्वर गाउँपालिकाको कार्यालयले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकको जमानत (परफरमेन्स वण्ड)पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरि चलान पुर्जी दिइने छ ।

२) आय रकमको भुक्तानी तालिका देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अङकको २५ प्रतिशतले हुन आउने रकम |
| दास्रो | २०७५ साल पौष मसान्त भित्र | कबोल अङकको ४० प्रतिशतले हुन आउने बाँकी रकम |
| तेस्रो | २०७६ जेठ मसान्तसम्म | कबोल अङकको बाँकी ३५ प्रतिशत रकम |

३).ठेक्का कबोल गर्ने व्यवसायीले वैतेश्वर गाउँपालिकाले तोकेको कर उठाँउदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु व्यवसायीले आफनो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्ने छ । प्रमाणित नगरेको रसिदबाट शुल्क उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४) माथि शर्त नं.३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम बिक्री तथा निकासी आय खातामा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं.को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद अर्ध वार्षिक रुपमा यस गा.पा. बुझाउनुपर्ने छ ।

५).व्यवसायीले उठाउने कर शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमानै उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्ने छ ।

६) गाउँपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको वा कालो सुचिमा परेको फर्मको दरभाउपत्र स्वीकृत गरिनेछैन ।

७) प्रत्येक ठेक्काको छुट्टाछुट्टै खाममा दरभाउपत्र शिलबन्दी गरी पेश गर्नुपर्ने छ ।

८) ढुङ्गा, गिटी, ग्राभेल,रोडा, रातोमाटो, आदिको कर प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसी संकलन गर्न पाइने छैन ।

९) तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिने छ । सो मा निर्माण व्यवसायीले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

१०) कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्वन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

११) यस गाउँपालिकाको विकास निर्माण कार्यक्रम संचालन गर्ने क्रममा वैतेश्वर गाउँपालिकाले स्वयम् वा अमानतमा सवारी साधन मार्फत वर्ष दिन भरी प्रयोग गरेको ढुङ्गा, गिटी, बालुवा, ग्राभेल, रोडा, रातोमाटो, आदि र विदेशी दातृ निकाय सँग भएको कर छुट सम्बन्धी सम्झौता भई संचलन हुने आयोजनामा व्यवसायीले कुनै कर लिन पाउने छैन ।

१२) प्रचलित ऐन, नियम, कानुन ,सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का  तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

१३) यस गाउँपालिका भित्रका नदी, नालाबाट ढुंगा, गिट्टी, बालुवा, निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्कीपुलको माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी बिक्री तथा निकासी गर्न कानुनले पूर्णरुपमा प्रतिबन्ध लगाएको हुदाँ कर संकलकले सो कुरालाई पूर्णरुपमा ध्यान दिनु पर्नेछ ।ढुंगा, गिट्टी, बालुवा उत्खन्न तथा संकलन गर्दा स्वीकृत भएको IEE प्रतिवेदनले नक्सांकन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खन्न गर्न पाइने छ ।

१४) प्रमुख प्रशासकिय अधिकृत वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको दरभाउपत्रलाई मात्र मान्यता दिइनेछ ।

१५) ढुंगा, गिट्टी, बालुवा, रोडा आदिको संकलन, उत्खन्न तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय र गाउँपालिका अनुगमन समितिले दिइएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

१६) उपरोक्त अनुसार उल्लेख भएको शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानुन तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१८) विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।